क्र.स. १.

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## कल्याण महाशाखा नक्साल काठमाण्डौं

## सूचना प्रकाशित मिति २०८०।०४।१८ गते

## कोठा तथा सटर भाडामा लिने/दिने सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रहरी कल्याण कोषद्वारा काठमाण्डौं स्थित भृकुटीमण्डपमा सञ्चालित सपिङ कम्प्लेक्स भाडामा लगाउनु पर्ने भएको हुँदा निम्नानुसारको सर्त अनुसार उक्त सपिङ कप्लेक्समा रहेको कोठा तथा सटरहरु भाडामा लिई व्यवसाय/कार्यालय सञ्चालन गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् मिति २०८०।०४।३२ गते भित्र प्रस्ताव पत्र खरिद गरी १६ औं दिन अर्थात् मिति २०८०।०५।०१ गते १२:०० बजे भित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन आह्वान गरिएको छ।

१. प्रस्तावदारताले कोठा तथा सटर रहेको स्थानको अवलोकन गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

२. जिल्ला काठमाण्डौं टंगाल स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रहरी कल्याण कोषको खाता नं. ११६०१००००१७८७००१ मा रु.१०००।- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा बुझाई प्रस्तावपत्र खरिद गर्न सकिनेछ।

३. कोठा तथा सटर भाडामा लिने सम्बन्धी सर्तको विस्तृत विवरण प्रस्तावपत्रमा उल्लेख गरिएको छ।

४. कोठा तथा सटरको आवश्यक मर्मत कार्य तथा फर्निचर सहितको अन्य भौतिक तयारीको सम्पूर्ण खर्च प्रस्तावदाता स्वयंमले गर्नुपर्नेछ।

५. भाडा सम्झौता ४ (चार) वर्ष अवधीको रहनेछ। भाडा प्रत्येक २ (दुई) वर्षमा १०% (दश प्रतिशत) का दरले बृद्धि गरिनेछ र बृद्धिदरको आधार शुरुको कबोल अंकको हुने छ।

६. भाडा प्रस्ताव पेश गर्दा मासिक भाडा रकम खुलेको निवेदन, नागरिकताको प्रमाणित प्रतिलिपि (फर्म/कम्पनी भएमा दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र आ.व.२०७८।०७९ तथा प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत), व्यवसाय संचालन योजना, लगायत आफूले कबोल गरेको मासिक भाडा रकम बराबर ३ महिनाको भाडा रकम रा.बा.बैंक टंगालमा प्रहरी कल्याण कोषको नाममा रहेको खाता नं.११६०१००००१७८७००१ मा जम्मा गरेको सक्कल भौचर लगायतका कागजातहरु अनिवार्य रुपमा संलग्न गरी सिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ।

७. तोकिएको म्याद भित्र दर्ता हुने प्रस्तावहरु १६ औं दिन अर्थात् मिति २०८०।०५।०१ गते १४:०० बजे नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्सालमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा खोलिनेछ।

८. भाडामा लगाईने उक्त कोठा तथा सटरहरुको विवरण प्रस्तावपत्रमा उल्लेख गरिएको छ।

९. प्रत्येक कोठा तथा सटरको छुट्टा छुट्टै भाडा दर पेस गर्नु पर्नेछ।

१०. न्यूनतम मासिक भाडा विवरणः

| सि.नं. | कोठा नं. | क्षेत्रफल (वर्ग फिट) | न्यूनतम मासिक भाडा दर (ने.रु.) |
|---|---|---|---|
| १ | ३ | १०२.३० | ४,७३९.५६ |
| २ | ५ | २११.४६ | ९,७९६.९४ |
| ३ | ९ | २०९.०० | ९,६८२.९७ |
| ४ | १७ | १०१.७५ | ४,७१४.०८ |

| सि.नं. | सटर नं. | क्षेत्रफल (वर्ग फिट) | न्यूनतम मासिक भाडा दर (ने.रु.) |
|---|---|---|---|
| १ | ९ | २३०.३२ | २७,५४६.२७ |
| २ | ११ | ३६३.१२ | ४३,४२९.१५ |

११. प्रस्ताव स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी कल्याण महाशाखामा सुरक्षित रहनेछ। प्रस्ताव सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्साल काठमाण्डौं वा ९८५१२९८८०८ वा ०१-४४१८५२० मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल